# यशोधरा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## बैदौली, कपिलवस्तु
## (लुम्बिनी प्रदेश, नेपाल)

प.स.:०८१/०८२(पशु सेवा शाखा)
च.नं.:

मितिः २०८२/०२/०२

**माछा पालन कार्यक्रम संचालनको लागि आवेदन पेश गर्ने सम्बन्धी सुचना।**

दोस्रो पटक प्रकाशित मितिः २०८२/०२/०२

यस यशोधरा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय अन्तर्गत पशु सेवा शाखा बैदौली कपिलवस्तुको आ.व. २०८१।०८२ को वार्षिक स्विकृत कार्यक्रम अनुसार माछा पालन कार्यक्रम संचालन गर्ने यस यशोधरा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय बैदौली कपिलवस्तुमा गठित पशु विकास समितिको मिति २०८२/०२/०१ गते बसेको बैठकको निर्णय अनुसार यस यशोधरा गाउँपालिकाको कार्यक्षेत्र भित्रका ईच्छुक माछा पालक कृषक/फर्म/समुह/ सहकारीहरुले उक्त कार्यक्रममा यो सुचना दोस्रो पटक प्रकाशित भएको मितिले ७ दिन भित्र तपशिल अनुसारका कागजातहरु संलग्न राखी यशोधरा गाउँपालिका पशुसेवा शाखा बैदौली कपिलवस्तुमा आवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका आवेदनहरु छनोटका लागि समावेश नहुने ब्यहोरा समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

तपशिलः

| क सं | कार्यक्रमको नाम | कार्यक्रममा संचालन हुने क्रियाकलाप | कैफियत |
|---|---|---|---|
| १. | माछा पालन कार्यक्रम | माछा भुरा वितरणमा गाउँपालिकाको ९० प्रतिशत र माछा पालक कृषकको १० प्रतिशत लागत सहभागिता अन्य बाँकी क्रियाकलापमा गाउँपालिकाको १०० प्रतिशत अनुदान। | |

पेश गर्नुपर्ने कागजातहरुः-

- नेपाली नागरिकताको छायाँप्रति।
- वडा कार्यालयको सिफारिस पत्र।
- कार्यालय द्वारा निर्धारण गरेको फार्म ढाँचामा निवेदन।
- जग्गाधनी प्रमाण पुर्जाको छायाँप्रति र हालसालै मालपोत बुझाएको रसिदको छायाँप्रति ।
- माछा पालक कृषक समुह/ फर्म / सहकारीहरुको हकमा नविकरण सहितको प्रमाण पत्र र आ.व. ०८०।०८१ को करचुक्ताको छायाँप्रति।
- कृषक समुह र सहकारीको आवेदन पेश सम्बन्धी निर्णयको प्रतिलिपी।

नोटः- विस्तृत जानकारीको लागि यस यशोधरा गाउँपालिका पशु सेवा शाखा बैदौली कपिलवस्तुमा सम्पर्क गर्न सकिनेछ।

२०८२/२/२

ऋषभ देव खनाल
प्रमुख प्रशासकिय अधिकृत

बोधार्थः श्री सूचना प्रविधी शाखाः वेबसाइट तथा फेसबुक पेजमा अपलोड गरिदिनुहुन ।

प्रमुख प्रशासकीय अधिकृत